Chamber Connect-Edition I - 2025

मोरङ उद्योग व्यापार संघ

Morang Chamber of Commerce and Industry

Established Year—1951 A.D. (वि.सं. २००७)

Inside: Chamber Events

Chamber Advocay Efforts

Business Spotlight

Economy Insights

+977-21-517173, +977-21-513915

morangccibrt@gmail.com

pdt.meghraj Marga, Biratnagar-07

अध्यक्षको सन्देश

नेपालको अर्थतन्त्र अहिले संवेदनशील चरणमा छ । रेमिट्यान्समा निर्भरता, कमजोर सरकारी नीति र लगानीमैत्री वातावरणको अभावले आर्थिक गतिशीलता घटाएको छ । अबको बजेटलाई अर्थतन्त्र पुनर्जीवनको अवसरका रूपमा लिनु जरुरी छ ।

सुनसरी-मोरङ औद्योगिक करिडोर देशकै प्रमुख औद्योगिक क्षेत्र हो । यातायातको सहज पहुँच, श्रमशक्ति र कच्चा पदार्थको उपलब्धताले यस क्षेत्रलाई औद्योगिक केन्द्रको रूपमा स्थापित गरेको छ । तर, विद्युत् आपूर्तिको अनियमितता, दक्ष जनशक्तिको कमी र नीतिगत अस्थिरताले उत्पादनमा चुनौती थपेका छन् ।

नेपालमा जलविद्युत्, कृषि, पर्यटन र हस्तकलामा अपार सम्भावना छन् । यद्यपि, ऊर्जा संकट, राजनीतिक अस्थिरता, र प्रशासनिक जटिलताले औद्योगिक विकासमा अवरोध पुऱ्याईरहेका छन् । यी चुनौतीहरू समाधान गर्न सके नेपालले औद्योगिक क्षेत्रमा ठुलो फड्को मार्न सक्छ ।

यस्ता चुनौती बीच पनि मोरङ उद्योग व्यापार संघ देशको आर्थिक विकासका लागि अग्रसर रहँदै आएको छ। संघले उद्योगी-व्यवसायीका हकहितको संरक्षण, नीतिगत सुधारका सुझाव र व्यवसायमैत्री वातावरणका पहलहरू गर्दै आएको छ ।

वि.सं. २००७ साल मा स्थापित यो संस्था नेपालको जेठो उद्योग वाणिज्य संघ हो, जसले विराटनगर र आसपासका औद्योगिक गतिविधिहरूलाई व्यवस्थित गर्दै देशको आर्थिक र सामाजिक प्रगतिमा योगदान पुऱ्याउँदै आएको छ ।

श्री अनुपम राठी
अध्यक्ष-मोरङ उद्योग व्यापार संघ

यसै क्रममा संघले आफ्ना गतिविधिहरु जानकारी गराउदै सूचना आदान-प्रदान र सदस्यहरूबीचको समन्वय सुदृढ गर्न इ-न्युजलेटर प्रकासन सुरु गरेको छ। यो पहल संघका पदाधिकारी, सदस्य र शुभचिन्तकहरूको संयुक्त प्रयासको परिणाम हो ।

मोरङ उद्योग व्यापार संघ उद्योगी व्यवसायीहरूको साझा आवाज हो–जसले सधैं देशको आर्थिक सुदृढीकरण र समुदायको विकासका लागि प्रतिबद्धता जनाइरहेको छ ।

३४औं कार्यसमितिका अध्यक्ष श्री अनुपम राठीको नेतृत्वमा संघद्वारा सम्पन्न मुख्य गतिविधिहरू:

त्रिभुवन विश्वविद्यालय र मोरङ उद्योग व्यापार संघ बीचको सम्झौता पत्र हस्ताक्षर कार्यक्रममा संघका अध्यक्ष अनुपम राठी नेतृत्वको टोली -२०८२।०३।१९ गते

अन्तराष्ट्रिय स्तरिय बाणिज्य संघको सदस्यको रुपमा मोरङ उद्योग व्यापार संघ नियुक्त भएको -२०८२।०४ गते

संघमा आयोजित POST BUDGET - CHALLENGES & missing OPPORTUNITIES विषय BIZ TALK कार्यक्रम -२०८१।०२।२५ गते

आ.व. २०८२।८३ को मौद्रिक नीतिका लागि संघद्वारा प्रस्तुत सुझावहरु सञ्चारकर्मीहरु समक्ष सार्वजनिक गर्नु हुँदै अध्यक्ष राठी -२०८२।०३।११ गते

संघमा आयोजित कोशी प्रदेश भरिका विभिन्न जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्षहरु एवं प्रतिनिधिहरुसँगको भेटघाट तथा छलफल कार्यक्रम -२०८१।१०।२१ गते

संघद्वारा विभिन्न रोगको विषेशज्ञ डाक्टरहरुबाट सेवा दिने उदेश्यले केराबारीमा बृहद नि:शुल्क स्वास्थ्य शिविर संचालन -२०८२।०३।२० गते

संघको महिला उद्यम समितिद्वारा आयोजित ३ दिने 'नारी उत्सव २०८१' कार्यक्रमको समुद्घाटन समारोह । -२०८१।०५।१४ देखि १६ गते

संघमा पाल्नु भएका विहार इण्डष्ट्रिज एशोसिएशन पटना, भारतको टोलीलाई संघमा स्वागत गरी भेटघाट तथा छलफल गरिदै । -२०८१।०५।२८ गते

मौद्रिक नीति २०८२/०८३ का लागि संघद्वारा नेपाल राष्ट बैंकलाई प्रस्तुत सुझावहरू:

- आर्थिक वृद्धिको दिगो आधार, पूँजी बजारको समावेशी विकास गरिनु पर्ने । व्यक्तिगत तथा पारिवारिक लगानीकर्ताको हकमा हालको कुल रु. १५ करोडको शेयर धितो कर्जा सीमालाई कुल ३० करोड कायम गर्नुपर्ने । साथै, नेपाली पूँजी बजारमा आप्रवासीले पनि नियन्त्रित र प्रत्यक्ष तवरले निवेश गर्न सक्ने व्यवस्था बनाइनुपर्ने ।

- घरजग्गाको हकमा मुल्यांकनको ५० प्रतिशत मात्र कर्जा दिने सीमालाई ७० प्रतिशत कायम गरी घरजग्गा कारोबारलाई प्रोत्साहित गर्नुपर्ने ।

- हाल बैंकहरुमा उपलब्ध पर्याप्त तरलतालाई मध्यनजर गरी उत्पादनमुलक उद्योगहरुका लागि निर्धारित कारोबार रकमको ४० प्रतिशतको चालु पुँजी कर्जा सीमालाई ६० प्रतिशत कायम गर्नुपर्ने ।

- साना तथा मझौला उद्योग/व्यवसायको हकमा निर्धारित २ करोडको कर्जा सीमालाई ५ देखि १० करोड कायम गर्नुपर्ने । साथै, निजहरुको कर्जालाई पुर्नसंरचना तथा पुर्नतालिकिकरण गर्ने व्यवस्था गनु पर्ने ।

- निरन्तर दुई वर्ष घाटामा देखिने उद्योग/व्यवसायहरुको ऋण र व्याजदरका सन्दर्भमा, उद्योग/व्यवसायहरुको ऋणलाई Provision गर्दा Book Loss भन्दा Cash Loss लाई मान्यता दिनुपर्ने तथा Debt/Equity Ratio मिलेको व्यवसायहरुको ऋणलाई खराब कर्जामा वर्गिकरण वा Loan Provisioning गर्न नहुने व्यवस्था गर्नुपर्ने ।

- उद्योगहरुका लागि निर्धारित चालु पुँजी कर्जाको व्याजदर भन्दा स्थिर पुँजी कर्जाको व्याजदर न्यून रहने व्यवस्था गर्नुपर्ने ।

- स्टार्टअप व्यवसायका लागि बैंक कर्जा र पहुँचलाई सहज बनाउने व्यवस्था गर्नुपर्ने ।

- विगतमा प्रतिबन्ध लगाइएका खाद्य वस्तुहरुको आयात खुल्ला गरी हालको विदेशी मुद्रा संचितिलाई चलायमान बनाउनुपर्ने ।

- डिजिटल भुक्तानी हुने रकमलाई वर्गिकरण गर्दै रु. १,०००।- सम्म - नि:शुल्क, रु. १,००१।- देखि १ लाखसम्म- रु. १०।- र १ लाखभन्दा बढि रकममा - रु. २०।- मात्र शुल्क लाग्ने व्यवस्था गर्नुपर्ने । साथै, नेपालबाट पनि भारतको यु.पी.आई. मार्फत डिजिटल भुक्तानी गर्न सकिने व्यवस्था गर्नुपर्ने ।

- बैंकहरुमा पनि उद्योग/व्यवसाय सरह साप्ताहिक बाहेक वार्षिक अधिकतम् १३ दिन मात्र बैंक विदा हुने नीति ल्याउनुपर्ने ।

निर्जीवन बीमाका अत्याधिक प्रिमियम दर तथा अन्यायिक नीतिहरू संसोधनका लागि बीमा प्राधिकरण समक्ष संघद्वारा प्रस्तुत सुझावहरू:

- नेपालको निर्जीवन बीमा प्रिमियम दर भारत तथा अन्य मुलुकको भन्दा न्यून वा समान गर्नुपर्ने ।

- नेपालको भौगोलिक, आर्थिक, सामाजिक लगायतका परिवेशहरुलाई ध्यानमा राखेर अपेक्षित जोखिमपूर्ण अवस्थाहरुको मात्र ऐच्छिक रुपले बीमा गर्न मिल्ने व्यवस्था ल्याउनुपर्ने ।

- औद्योगिक/व्यवसायिक वस्तुहरुको जोखिमको वर्गिकरण अन्य देश सरह बैज्ञानिक तवरले गरिनुपर्ने ।

- बीमा शुल्कको गणना प्रष्ट, पारदर्शी र समान रुपले गर्ने र नियामक निकायले तोके बमोजिम भए/नभएको अनलाईन मार्फत हेर्न मिल्ने व्यवस्था गर्नुपर्ने ।

- उद्योग/व्यवसाय क्षेत्रको हालको ह्रासोन्मूख आर्थिक गतिविधिहरुलाई ध्यानमा राखी विगतको १० प्रतिशत बीमा कमिशनको व्यवस्थालाई यथावत कायम गर्नुपर्ने ।

- प्रत्येक नागरिकको पहुँच पुग्ने दुई पाङग्रे सवारी साधानमा असुल्ने गरिएको भारतको भन्दा दोब्बर बीमा प्रिमियम दर तुरुन्तै खारेज गर्नुपर्ने ।

उद्योग/व्यवसाय क्षेत्रका विद्यमान समसामयिक समस्याहरू समाधानार्थ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समक्ष संघद्वारा प्रस्तुत सुझावः

१ सीमा बजार-अति आवश्यक वस्तुको भन्सार दर न्यूनिकरणः

भारतमा शुन्य देखि अठार प्रतिशत GST रहेको र नेपालमा भ्याट समेत ३० प्रतिशत भन्दा बढि राजस्व रहेका दैनिक उपभोग्य वस्तुहरुको अवैध कारोबार र चोरी पैठारी नेपालमा अत्याधिक हुने गरेकाले भारतीय GST लाई ध्यानमा राखेर नेपालको भन्सारका दरहरु परिमार्जन गर्नुपर्ने । साथै, नेपाली उद्योगहरुलाई Interest Subsidy, Capital Subsidy, कच्चा पदार्थ आयातमा न्यून भन्सार दर जस्ता सहुलियत प्रदान गर्नुपर्ने ।

२. औद्योगिकिकरण - उत्पादकत्व अभिवृद्धिका सम्बन्धमाः

- उद्योग दर्ता, अनुमति पत्र तथा विभिन्न प्रशासनिक प्रकृयालाई सरल बनाउन एकद्वार प्रणाली लागू गर्नुपर्ने ।
- कतिपय तयारी वस्तुको भन्दा कच्चा पदार्थको भन्सार महशुल उच्च देखिएकाले त्यसको विस्तृत अध्ययन गरी यथाशिघ्र सच्याउनु पर्ने । साथै, नेपालमा नबन्ने औद्योगिक कच्चा पदार्थहरुको भन्सार महशुल १ देखि ५ प्रतिशत भित्र कायम गर्नुपर्ने ।
- श्रम ऐनमा Hire & Fire को व्यवस्था अनिवार्य रुपले गर्नु पर्ने । उद्योगमैत्री र श्रम कानूनको विकास गर्नु पर्ने र कामदार तथा उद्योगी बीचमा सामञ्जस्यता कायम राख्ने नीति ल्याउनुपर्ने ।
- ३० प्रतिशत भन्दा बढि मुल्य अभिवृद्धिको आधार तथा २५ करोड भन्दा बढि लगानी भई स्थापित सबै उद्योगहरुलाई निर्यातमा अनुदान दिने व्यवस्था गर्नुपर्ने ।
- नवीकरणीय उर्जाको प्रयोगमा उचित अनुदान दिई त्यसको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने ।
- Bonded Warehouse सुविधा नविकरण गर्ने प्रणालीलाई सहज बनाइनुपर्ने ।

३. Special Economic Zone (SEZ):

कलकत्ता बन्दरगाहबाट सबै भन्दा नजिक रहेको मोरङ-सुनसरी औद्योगिक कोरिडोरमा निर्यातजन्य उद्योगहरु बढि Viable हुने भएकाले यस क्षेत्रमा SEZ अवधारणा अन्तरगत FMCG Processing Zone, Footwear Manufacturing Zone, Plastic & Rubber Processing Zone आदिको स्थापना गर्ने वातावरण श्रृजना गर्नुपर्ने ।

४. पुराना मिल मेशिनरीहरुको खरिद/बिक्रीः

उद्योगहरुका पुराना मिल मेशिनरीहरु नेपाल बाट भारत वा तेश्रो मुलुक निर्यात गर्न सहज नीति नियम बनाउनपर्ने । त्यस्तै, प्रयोग भई सकेका मिल मेशिनरीहरुको आयातमा नयाँ मेशिन आयात सरहका सुविधाहरु दिइनुपर्ने ।

५. Bureau of Indian Standards (BIS) License:

भारतले अनिवार्य गरेको Bureau of Indian Standards (BIS) को लाईसेन्सका लागि नेपाली उद्योगहरुले भारतीय निकायलाई दिने गरेको निवेदनलाई शिघ्रताका साथ टुंगो लगाउन भारतीय सरकार समक्ष पहल गर्नुपर्ने ।

६. प्रदेश सरकारमा अधिकार प्रत्यायोजनः

नयाँ उद्योग स्थापना, दर्ता, नवीकरण लगायत विभिन्न सबै प्रकारका प्रशासनिक कार्यहरु गर्ने अधिकार प्रदेश सरकारलाई प्रत्यायोजन गर्नुपर्ने ।

७. उद्योगका लागि लिजमा जग्गाः

सरकारले उद्योग स्थापनाका लागि उद्योगीहरुलाई जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।



"चुनौती र अप्ठ्याराहरूका बीच विश्व बजारसम्म पुगिरहेका छौं"

श्री महेश जाजु

संस्थापक अध्यक्ष - जाजु समुह

"

उद्यमशीलता र समर्पणको उदाहरण बनेका महेश जाजूले दैनिक उपभोग्य वस्तु उत्पादनमा उल्लेखनीय सफलता हासिल गर्दै प्रत्येक नेपाली घरमा आफ्ना ब्रान्डहरू स्थापित गर्न सफल हुनु भएको छ । २२ वर्षको उमेरमा गार्मेन्ट व्यवसायबाट सुरुवात गरी साबुन, प्याकेजिङ र खाद्य उद्योगमा विस्तार गर्दै उहाँको नेतृत्वमा एशियन थाई फुड्स (ATF) आज 2PM, रमपम र प्रीति लगायत लोकप्रिय ब्रान्डका साथ अग्रणी कम्पनी बनेको छ ।

तपाईंले उद्योग-व्यापार क्षेत्रमा यात्राको सुरुवात कसरी गर्नुभयो? चुनौतीहरू के कस्ता थिए ?

नेपालमा व्यवसायको सुरुवाती दिनहरू निकै चुनौतीपूर्ण थिए। पूर्वाधार अभाव, अनियमित बिजुली आपूर्ति र कमजोर आपूर्ति शृंखलाले गर्दा काम गर्न निकै गाह्रो थियो । अझ त्यसमाथि नेपाली समाजमा चाउचाउलाई दैनिक जीवनको हिस्सा बनाउनु निकै ठूलो चुनौती थियो । चाउचाउलाई परिचित बनाउन र मनपर्ने उत्पादनका रुपमा स्थापित गराउन निकै ठूलो मात्रामा विज्ञापन गर्नु पऱ्यो । नयाँ नयाँ तरिकाहरू अपनाउनु परेको थियो ।

चुनौतीका बाबजुद हामीले गुणस्तर, सस्तो मूल्य र निरन्तरतामा ध्यान दिएर बजारमा आफ्नो स्थान बनाउन सफल भयौं । त्यसपछि, हामीले खाजाका रूपमा प्रयोग गरिने वस्तु उत्पादन गर्न थाल्यौं । हामीले विश्वस्तरीय बिस्कुट र कन्फेक्सनरी उत्पादनमा पनि लगानी गऱ्यौं । पछिल्लो समय साबुन, सरसफाइका सामान र फलफूलको जुस उत्पादनमा पनि लगानी विस्तार गरेका छौं ।

नेपालमा व्यवसाय सञ्चालन गर्दा अहिलेको अवस्थामा के-कस्ता मुख्य कठिनाइहरूको सामना गर्नु परिरहेको छ ?

पूर्वाधार र राजनीतिक अस्थिरता अहिलेका मुख्य चुनौती हुन् । कच्चा पदार्थहरू आयात गर्नु पर्ने हुँदा भन्सार शुल्क र ढुवानी खर्च धेरै लाग्छ । खुला सिमाना र कम भन्सार दरका कारण बाहिरी देशबाट आएका तयारी वस्तुहरू सस्तो मूल्यमा उपलब्ध हुन्छन् । त्यस्ता वस्तुसँग प्रतिस्पर्धा गर्नुपर्दा हामीलाई सबैभन्दा बढी असर पारेको छ । विश्व बैंकको 'इज अफ डुइङ बिजनेस रिपोर्ट २०२०' अनुसार नेपाल ९४औं स्थानमा छ । जबकि भारत ६३औं र चीन ३१औं स्थानमा छन् । यो तथ्यले पनि हामीले हरेक दिन सामना गर्ने चुनौतीहरूलाई प्रष्ट पार्छ ।

अर्को चुनौती भनेको राजनीतिक अस्थिरता हो । यसले नीति नियममा बारम्बार परिवर्तन ल्याउँछ । आवश्यक सुधार हुन दिँदैन । त्यसकारण दीर्घकालीन योजना बनाउन गाह्रो हुन्छ ।

चुनौतीहरूको सामना कसरी गर्नुभयो ? तपाईंको अनुभवमा चुनौतीको सामना गर्दै समाधान तिर अघि बढ्न के गर्नुपर्ने रहेछ ?

त्यसका लागि हामीले केही विशेष रणनीतिहरू अवलम्बन गर्यौं । हामीले नेपालमै धेरै कच्चा पदार्थ आपूर्तिकर्ताहरू तयार गर्यौं । यसो गर्दा आयातमाथिको निर्भरता घटायो । यो निकै महत्वपूर्ण कुरा हो ।

यसैगरी बजार विविधीकरणमा ध्यान दियौं । आफ्ना उत्पादन ३० भन्दा बढी देशमा निर्यात गर्ने अवसरले हामीलाई स्वदेशी बजारको उतारचढावबाट बच्न धेरै हदसम्म मद्दत गऱ्यौं ।

सरकारबाट तपाईंले के-कस्तो सहयोग (आर्थिक, नीतिगत, पूर्वाधार) पाउनु भएको छ ?

हाम्रोमा अर्को मुख्य समस्या यो पनि हो । अहिलेसम्म सरकारबाट कुनै ठोस सहयोग पाएको छैन । भारतमा खाद्य प्रशोधनका लागि स्पष्ट प्रोत्साहन नीतिहरू छन् । नेपालमा भने त्यस्ता उद्योग-केन्द्रित नीतिहरूको अभाव छ ।

सरकारले तपाईं जस्ता व्यवसायीलाई सहयोग गर्न के कस्ता पक्षहरूमा सुधार गर्नुपर्छ जस्तो लाग्छ ?

यसका लागि सरकारले गर्न सक्ने केही महत्वपूर्ण पक्ष छन् । दैनिक उपभोग्य वस्तुहरूमा लाग्ने अन्तःशुल्क तुरुन्तै हटाउनुपर्छ । यसलाई सुर्तीजन्य पदार्थ वा रक्सीजस्तै मान्नुहुँदैन । औद्योगिक कच्चा पदार्थमा भन्सार शुल्क कम गरेर नेपालमै उत्पादन गर्न प्रोत्साहन गर्नुपर्छ । सरकारले निर्यातमा अनुदान र प्रोत्साहन दिनुपर्छ। सबैभन्दा महत्वपूर्ण कुरा, सरकारले समयमै र सहज रूपमा अनुदानहरू उपलब्ध गराउनुपर्छ ।

व्यवसायलाई नकारात्मक असर पर्ने सरकारी नीतिहरू पनि हुन् भनिन्छ । तपाईंको अनुभवले के भन्छ ?

अवश्य पनि त्यस्तो अवस्था छ । उत्पादनमा अचानक अन्तःशुल्क लगाउँदा बजारमा महँगी बढ्छ । खुला सिमाना र कमजोर भन्सार प्रणालीका कारण अवैध रूपमा नेपाल भित्रिने उस्तै प्रकृतिका वस्तुहरूले कर छल्छन् । त्यसको सिधा असर स्वदेशी उत्पादनलाई पर्छ ।
प्रतिस्पर्धा गर्न गाह्रो हुन्छ । हामीले उच्च शुल्क र अन्तःशुल्क तिर्नुपर्छ । यस्तो अवस्थामा हाम्रो प्रतिस्पर्धी क्षमता कमजोर बन्न जान्छ ।

उद्योग-व्यापार क्षेत्रलाई अघि बढाउन नेपालमा अन्य देशका के-कस्ता अभ्यास वा प्रणालीहरू लागू हुनुपर्छ जस्तो लाग्छ तपाईंलाई ?

त्यस्ता धेरै उदाहरण छन् । नेपालले अनुशरण गर्न सक्ने सकारात्मक पक्षहरू निकै छन् । जस्तो, भारतको फूड प्रोसेसिङ पार्क । त्यसले क्लस्टरमा आधारित विकास गरी लागत घटाउँछ र नवप्रवर्तनलाई प्रोत्साहन दिन्छ । यसैगरी दक्षिण कोरियाको आरएन्डडी प्रणाली पनि प्रभावकारी छ । विश्वविद्यालय र उद्योगबीचको बलियो सहकार्यले उनीहरूका खाद्य ब्रान्डहरूलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाएको छ । उत्तरी छिमेक चीनको लजिस्टिक्स प्रणाली पनि उदाहरणीय छ । त्यसले कुशल र सस्तो ढुवानी सञ्जाल मार्फत् निर्यातलाई सजिलो बनाएको छ ।

भियतनामको उत्पादन क्षमता गज्जबको छ। त्यहाँ कम लागतमा ठूलो मात्रामा उत्पादन गर्न सक्ने क्षमता विकास गरिएको छ। बंगलादेशको निर्यात अनुदान सहुलियतले निर्यातकर्ताहरूलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाउँदै लगेको छ। यस्तै, भारतको द्रुत नीतिगत हस्तक्षेपले उद्योग-व्यापार क्षेत्रलाई फाइदा पुग्ने गरेको छ। जस्तै, कच्चा पदार्थको मूल्यमा बारम्बार समायोजनले स्वदेशी उद्योगहरूलाई संरक्षण गर्छ ।

नेपालले यीमध्ये केही मोडेलहरू मात्रै अपनाए पनि हाम्रो उत्पादन क्षमता धेरै बढ्न सक्छ ।

आफ्नो व्यवसायलाई अन्तराष्ट्रिय रूपमा विस्तार हुने योजनामा बाधा पुग्ने पक्ष केही छन् ?

अहिले नै पनि हामीले ३० भन्दा बढी देशहरूमा निर्यात गरिरहेका छौं । प्रतिस्पर्धीहरूको तुलनामा नेपालबाट ढुवानी लागत धेरै छ । त्यसकारण उत्पादनको लागतमा स्वतः असर गर्ने नै भयो । पश्चिमी बजारहरूमा आवश्यक प्रमाणपत्रहरू प्राप्त गर्न ठूलो लगानी चाहिन्छ। यो पनि एउटा चुनौतीकै पक्ष हो । नेपालका निर्यातकर्ताहरूलाई सहयोग गर्ने द्विपक्षीय व्यापार सम्झौताहरू नभएकाले पनि विस्तारको काममा प्रभाव पर्दै आएको छ । एकातिर निर्यातका लागि आवश्यक आधुनिक परीक्षण सुविधा उपलब्ध छैन भने अर्कातिर धेरै देशहरूमा नेपालको परीक्षणलाई मान्यता नदिनु पनि ठूलै समस्याका रूपमा देखिएको छ ।

सरकारले अन्तराष्ट्रिय व्यापार मेलाहरूमा नेपाली उत्पादनहरूको सहभागितालाई सक्रिय रूपमा समर्थन गर्ने अभ्यास विकास नगरेकाले पनि समस्या परिरहेको छ । अर्को पक्ष भनेको, अघि भनिए जस्तै नेपालको उच्च कच्चा पदार्थ र उत्पादन लागतलाई सन्तुलनमा राख्न कुनै अनुदान छैन ।

तपाईं स्थापित उद्यमी, नयाँ उद्यमीहरुलाई के सल्ला दिनुहुन्छ ?

'उत्तम' परिस्थितिको प्रतीक्षामा कहिल्यै नबस्नुहोस् भन्न चाहन्छु । नेपालमा त्यस्तो अवस्था बिरलै आउने भएकाले चुनौती र जोखिमसँग डराउनु हुँदैन । बरू सानैबाट सुरु गर्नुहोस् । मेहनत गरेर सिक्नुहोस् । प्रतिबद्ध रहनुहोस् । गुणस्तर, निरन्तरता र विश्वसनीयतालाई मूल मन्त्र बनाउनुहोस् । यसो गर्न सके दीर्घकालीन रूपमा फाइदा हुन्छ । यिनै कुराले दिगो ब्रान्ड स्थापित गर्न सघाउँछन् ।

यसबाहेक बलियो सञ्जाल बनाउनुहोस् । कतैबाट सहयोग होला कि भन्ने आशा गर्नुभन्दा आफ्नै नवप्रवर्तन र लगनशीलतामा भर पर्नुपर्छ। नीतिगत र पूर्वाधारका कमीजस्ता चुनौतीहरूको लागि त सधैं तयार हुनैपर्छ। यति हुँदाहुँदै पनि आफ्नो लक्ष्यमा ध्यान दिएर इमानदारी एवं कडा परिश्रमका साथ लाग्ने हो भने निरास हुनु पर्दैन । नेपालमा अवसरहरू प्रशस्त छन् । तपाईंको मेहनतले समग्र विश्व नै भरपर्दो बजार बन्न सक्छ ।



विषय १: बैंक तथा वित्तीय संस्था (BFIS)

स्रोत: नेपाल राष्ट्र बैंक (NRB), आ.व. २०८१/८२ सम्म (प्र= प्रारम्भिक)

वित्तीय पहुँच (श्रेणी क, ख, ग)

वित्तीय	श्रेणी (क)	श्रेणी (ख)	श्रेणी (ग)	कुल
संस्थाहरूको संख्या	२०	१७	१७	५४
शाखाहरूको संख्या	५,०९९	१,१३२	२९१	६,५२२
निक्षेप खाताहरूको संख्या	५१,३८०,२८९	७,५१५,८०६	९८५,२५८	५९,८८१,३५३
ऋण खाताहरूको संख्या	१,६३८,२८५	२६८,८१७	५४,३६७	१,९६१,४६९
शाखारहित बैंकिङ केन्द्रहरूको संख्या	८१६	६	-	८२२
शाखारहित बैंकिङ ग्राहक संख्या	२७६,६५३	१,०२७	-	२७७,६८०
मोबाइल बैंकिङ ग्राहक संख्या	२३,७८७,५२९	३,६५९,०१६	२९४,७३९	२७,७४१,२८४
इन्टरनेट बैंकिङ ग्राहक संख्या	१,६०१,५१३	५९९,३१६	१८,५१२	२,२१९,३४१
ATM को संख्या	४,८७८	३४४	४१	५,२६३
डेबिट कार्डको संख्या	१२,३७३,५९३	१,२१६,३२२	७५,८७७	१३,६६५,७९२
क्रेडिट कार्डको संख्या	३१५,१३८	३,२९०	-	३१८,४२८
प्रिपेड कार्डको संख्या	२४५,९९२	४,०९२	-	२५०,०८४

औसत ब्याज दर (%)

विवरण	प्रतिशत
निक्षेपमा तौलित औसत ब्याज दर	४.१९
(क) बचत	३.३७
(ख) निश्चित	५.७९
(ग) कल	१.०५
ऋणमा तौलित औसत ब्याज दर	७.८५

प्रदेशगत बैंक तथा वित्तीय संस्था शाखाहरू

प्रदेश	कुल (श्रेणी क, ख, ग, घ)
कोशी	१,८५१
मधेश	१,७५६
बागमती	३,०३८
गण्डकी	१,३९९
लुम्बिनी	२,१४७
कर्णाली	४७९
सुदूरपश्चिम	८५६

ऋण, निक्षेप अनुपात (श्रेणी क, ख, ग बैंक तथा वित्तीय संस्था)

महिना	कुल निक्षेप / GDP(%)	कुल ऋण / GDP(%)
श्रावण	११३.०१	९०.६७
भदौ	११४.४४	९१.६९
असोज	११६.७८	९२.८४
कार्तिक	११६.४७	९२.७१
मंसिर	११७.११	९३.४९
पुष	११८.१०	९५.३१
माघ	११८.००	९५.३९
फाल्गुण	११८.६६	९५.८०
चैत	१२०.२६	९७.०६
बैशाख	११२.७३	९०.५४
जेठ	११४.६९	९१.१५
असार	११९.५९	९१.६०

व्यापारिक बैंकहरूको चुक्ता पुंजी

महिना	चुक्ता पुंजी (रू. मिलियनमा)
श्रावण	३७,९०,२०४.६
भदौ	३७,९०,२०४.६
असोज	३८,०१,९७२.६
कार्तिक	३८,०७,६५२.९
मंसिर	३८,१३,७८२.१
पुष	३८,४९,२८२.०
माघ	३८,४९,२८२.०
फाल्गुण	३८,५३,२७२.०
चैत	३८,५३,२७२.०
बैशाख	३८,५३,२७२.०
जेठ	३८,५३,२७२.०
असार	३८,५३,२७२.०

वाणिज्य बैंकहरूको आधार दर

महिना	दर (%)
श्रावण	७.६२
भदौ	७.५०
असोज	७.२९
कार्तिक	७.०३
मङ्सिर	६.८१
पुष	६.६४
माघ	६.४६
फाल्गुण	६.३२
चैत	६.२६
बैशाख	६.१४
जेठ	६.०५
असार	५.९८

क्षेत्रगत, उत्पादनगत, तथा सुरक्षणगत ऋण विवरण

क्षेत्र	बैंक तथा वित्तीय संस्थाहरू (श्रेणी क, ख, ग) को कुल ऋण तथा अग्रिम
१. कुल क्षेत्रगत ऋण	**५,५९१,६०४.३७**
थोक तथा खुद्रा व्यापारी	१,०३३,१६१.०३
कृषि, वन, पेय पदार्थ तथा खाद्य बाहेकको उत्पादन सम्बन्धी	९२९,१२३.८५
विद्युत, ग्याँस तथा पानी	४४५,६१६.७२
वित्त, बीमा तथा अचल सम्पत्ति	४४०,७३७.९६
कृषि तथा वन सम्बन्धी	३५६,३७०.४७
पर्यटन सेवा	२५७,०२१.४०
निर्माण	२३१,३६९.३७
अन्य (यातायात, सञ्चार तथा सार्वजनिक सेवासुविधा, धातु उत्पादन, मेसिनरी तथा विद्युतीय उपकरण एवं संयोजन, मत्स्य सम्बन्धी, खानी सम्बन्धी, उपभोग ऋण, स्थानीय सरकार आदि)	१८,९८,२०३.५७

उत्पादनगत	कुल (श्रेणी क, ख, ग)
२. कुल उत्पादनगत ऋण	**५,५९१,६०४.३७**
अवधि ऋण (Term Loan)	२,०६७,५१०.४३
माग तथा अन्य कार्यशील पूजी ऋण	८२१,००४.१३
नगद ऋण (Cash Credit Loan)	६५०,६५४.४७
आवासीय व्यक्तिगत घर ऋण (रु. २ करोडसम्म)	४१७,६१२.१५
वञ्चित क्षेत्र ऋण	२९६,२५९.७३
अचल सम्पत्ति ऋण	२७५,९६१.८९
विश्वासपत्र / आयात ऋण	१२५,१८७.०१
अन्य (हायर पर्चेज ऋण, मार्जिन प्रकृतिको ऋण,ओभरड्राफ्ट, खरिद गरिएको बिल आदि)	९३७,४१४.५६

धितो अनुसार	कुल (श्रेणी क, ख, ग)
३. कुल धितोगत ऋण	**५,५६४,२४१.६९**
सम्पत्तिको जमानत	४,९४१,३५५.०८
जमानतपत्र विरुद्ध	१,९७,२२८.४१
गैर-सरकारी प्रतिभूति	१,३१,०७४.३१
सुन र चादी	८३,२८७.०२
बिलको सुरक्षा विरुद्ध	५१,५१६.६५
निश्चित निक्षेप रसिद (Fixed Deposit Receipts)	४०,०४५.४१
क्रेडिट कार्ड	६,२२२.६७
सरकारी प्रतिभूति	४,६०५.५०
अन्य	१,३६,२६९.३२

विषय २: समष्टिगत अर्थतन्त्र र वित्तीय स्थिति

स्रोत: नेपाल राष्ट्र बैंक (NRB), आ.व. २०८१/८२ सम्म (प्र= प्रारम्भिक)

औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP)

आधार वर्ष: २०८०/८१ = १००

औद्योगिक वर्गीकरण	रकम (अरब रुपैयाँमा)
कृषि, वन र माछापालन	१३५.३७
स्थावर सम्पत्ति सम्बन्धी गतिविधि	४४.६१
शिक्षा	४२.३५
वित्तीय तथा बीमा सम्बन्धी गतिविधि	३५.७७
निर्माण	२८.१६
उत्पादन (Manufacturing)	२६.७८
अन्य (सूचना तथा सञ्चार, मानव स्वास्थ्य तथा सामाजिक कार्य गतिविधि, कला, मनोरञ्जन तथा फुर्सद अन्य सेवा गतिविधिहरू तथा घरायसी नियोक्ताको गतिविधि आफ्नै प्रयोगका लागि घरायसी उत्पादन/सेवा गतिविधि)	२२४.९२
आधार मूल्यमा सकल घरेलु उत्पादन (GDP)	५३७.९६
कर (सहायता घटाएर)	७२.७६
सकल घरेलु उत्पादन (GDP)	६१०.७२

राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (CPI)

आधार वर्ष: २०८०/८१ = १००



प्रदेशवार उपभोक्ता मूल्य सूचकाङ्क (CPI)

आधार वर्ष: २०८०/८१ = १००

प्रदेश	खाना तथा पेय पदार्थ (%)	गैर-खाद्य तथा सेवाहरू (%)
कोशी	३६.६७	६३.३३
मधेश	४३.५३	५६.४७
बागमती	३०.२३	६९.७७
गण्डकी	३४.९०	६५.१०
लुम्बिनी	३६.०६	६३.९४
कर्णाली	३८.७७	६१.२३
सुदूरपश्चिम	३७.४०	६२.६०

राष्ट्रिय थोक मूल्य सूचकाङ्क (वार्षिक औसत)

समूह / उप-समूह	२०८१/८२P
समग्र	१५६.५९
१. प्राथमिक	१६५.४४ (३३.५९)
१.१ इन्धन तथा ऊर्जा	१५४.४० (८.७६)
१.२ उत्पादन (Manufacturing)	१५१.७६ (५७.६५)
२. विस्तृत आर्थिक वर्गीकरण	१५६.५९ (१००)
३. निर्माण सामग्री	१३५.११ (१४.०३)

सरकारी राजस्व संकलन

राजस्व स्रोत	रकम (अरबमा)
कुल राजस्व	११.७९
अन्य प्राप्ति	०.१७
कुल राजस्व / प्राप्ति	११.९६

नेपाल सरकारको बाँकी घरेलु ऋण

साधन / स्वामित्व	रकम (अरबमा)
ट्रेजरी बिल	३.७६
विकास ऋणपत्र	८.७४
नागरिक बचत ऋणपत्र	०.१३
वैदेशिक रोजगार ऋणपत्र	०.०३
कुल घरेलु ऋण	१२.६३

IMF को प्रमिसरी (promissory) नोटहरू समावेश गरिएको छैन।

बैंक तथा वित्तीय संस्थाहरूको क्षेत्रगत बाँकी कर्जा

क्षेत्र	रकम (अरब रुपैयाँमा)
१. उपभोक्ता कर्जा	११.५८
२. थोक तथा खुद्रा व्यापार	१०.३३
३. उत्पादन (Manufacturing)	८.८४
४. सेवा उद्योग	४.८९
५. यातायात, सञ्चार तथा सार्वजनिक सुविधा	४.७७
६. वित्त, बीमा तथा स्थावर सम्पत्ति	४.४१
७. कृषि*	४.१७
अन्य (निर्माण, धातु, मेशिनरी तथा विद्युत उपकरण, यातायात उपकरण उत्पादन तथा फिटिङ, खानी, स्थानीय सरकार आदि)	६.९९

*अक्टोबर २०१७ देखी कृषि क्षेत्रमा चिया, कफी, अधुवा, फल प्रशोधन, र घरेलु कृषि उत्पादनको प्राथमिक प्रशोधन समावेश गरिएको छ।

आर्थिक संरचनाको समस्याः सेवामुखी अर्थतन्त्र र कमजोर औद्योगिकरण

भ्रष्टाचार र प्रणालीगत सुशासन असफलताप्रति जनआक्रोशका कारण नेपाल गहिरो राजनीतिक तथा आर्थिक संकटमा परेको छ। आन्दोलन, कर्फ्यू र पूर्वाधारमा भएका अवरोधहरूले भौतिक संरचना र लगानीकर्ताको विश्वास दुवैमा गम्भीर क्षति पुऱ्याएका छन्। विज्ञहरूले यसलाई राजतन्त्रको अन्त्यपछिको सबैभन्दा गम्भीर सामाजिक उथलपुथलको रूपमा चेतावनी दिँदै यसले राजनीतिक वैधानिकता र क्षेत्रीय स्थिरतामा दीर्घकालीन जोखिम निम्त्याउने बताएका छन्।

नेपाल आज विकासको विरोधाभासमा उभिएको छ। एकातिर, वित्तीय पहुँच उल्लेखनीय रूपमा विस्तार भएको छ। २.७७ करोड मोबाइल बैंकिङ प्रयोगकर्ता र ५.९८ करोड निक्षेप खाताले हालको लगभग सम्पूर्ण जनसंख्यालाई समेट्छन्। विश्व बैंकका अनुसार, आर्थिक वर्ष २०२४/२५ को पहिलो छ महिनामा कृषि र औद्योगिक पुनरुत्थानका कारण वास्तविक जीडीपी ४.९% ले बढेको छ, यद्यपि पर्यटनमा आएको अवरोध र मनसुनले निम्त्याएका बाढी तथा पहिरोका कारण पूर्वाधारमा भएको क्षतिले सेवा क्षेत्र संकुचन भएको देखिएको छ, जसको मूल्य जीडीपीको ०.८% बराबर अनुमान गरिएको छ। वित्तीय प्रणाली गहिरो देखिन्छ, Credit-to-GDP अनुपात ९५.८% पुगेको छ, जुन प्रगतिशील अर्थतन्त्रसँग मिल्दोजुल्दो र बंगलादेश (४५%) तथा श्रीलङ्का (५२%) भन्दा धेरै माथि हो।

तर यी सूचकहरू भित्र वार्षिक ५,०५,००० श्रमिकको वैदेशिक रोजगारीमा पलायन, कमजोर औद्योगिक आधार र रोजगारी सिर्जनामा असफल सेवा-प्रधान अर्थतन्त्रको कमजोर संरचना लुकेको छ। यसले वित्तीय गहिराईलाई वास्तविक आर्थिक रुपान्तरणसँग जोड्ने संरचनात्मक नीतिगत सुधारको तत्काल आवश्यकता औंल्याउँछ।

आर्थिक संरचनाको समस्याः सेवामुखी अर्थतन्त्र र कमजोर औद्योगिकरण धेरै एशियाली मुलुकहरूले औद्योगिकीकरणको लहरमा यात्रा गरे तर नेपालले "औद्योगिकीकरणको अवसर" गुमायो। हाल सेवाक्षेत्रले जीडीपीको ६९% हिस्सा ओगट्छ (जग्गा ७.३%, वित्त ६.९%, शिक्षा ६.९%), तर उत्पादन क्षेत्रको योगदान मात्र ४.९८% छ, जसमा जम्मा ९२ उद्योग र ७,१२९ कर्मचारी संलग्न छन्। तुलनात्मक रूपमा, बंगलादेशले जीडीपीको २०% र भियतनामले २५% भन्दा बढी उद्योग बाट आर्जन गर्छन्।

दशकौंको राजनीतिक अस्थिरता, कमजोर पूर्वाधार, नीति असफलता र औद्योगिक क्षेत्रहरूको कमजोर व्यवस्थापनले वृद्धिलाई क्षति पुऱ्यायो। लोडसेडिङ, यातायात अवरोध र दक्ष श्रमिकको अभावले प्रतिस्पर्धात्मकता अझ घटायो। आर्थिक वर्ष १९९६/९७ मा जीडीपीको करिब ९% रहेको उत्पादन आर्थिक वर्ष २०२३/२४ सम्ममा ४-५% मा झरेको छ, जसले नेपाललाई सेवाक्षेत्र, रेमिट्यान्स र वैदेशिक रोजगारीमा निर्भर बनाएको छ। यो संरचनात्मक असन्तुलन समयपूर्व डिइन्डस्ट्रियलाइजेशनको स्पष्ट उदाहरण हो, जसले कमजोर निर्यात, उच्च आयात निर्भरता र सीमित रोजगारी सिर्जनालाई जन्म दिएको छ।

जनशक्ति लाभ संकटमाः युवाशक्ति उपयोगद्वारा दिगो विकास

नेपालको युवा जनसंख्या देशको ठूलो पूँजी हुन सक्छ, तर कमजोर रोजगारी सिर्जना र सीप असमानताले ठूलो मात्रामा वैदेशिक रोजगारी र मस्तिष्क पलायन (Brain Drain) बढाएको छ। रेमिट्यान्सले परिवारलाई भरथेक गरेको छ तर यसले संरचनात्मक कमजोरीहरू जस्तै वैदेशिक श्रम बजारमा अत्यधिक निर्भरता, शिक्षित युवाको अल्प प्रयोग र आन्तरिक उत्पादनशीलतामा ठहराव आदि लाई लुकाउँछ। सुधारका प्रयास नगरी, नेपालले जनशक्ति लाभ गुमाउने, प्रतिस्पर्धात्मकता हराउने र बाह्य अर्थतन्त्रमा निर्भरता बढाउने जोखिम व्यहोर्नेछ।

नीतिगत प्राथमिकताहरू

नेपालले रोजगारीमूलक विकास रणनीति अवलम्बन गर्नु पर्छ, जस अन्तर्गत उद्योग र वित्तलाई उच्च रोजगारी सिर्जना गर्ने क्षेत्रमा पुनःउन्मुख गर्ने, शिक्षालाई श्रम बजारको आवश्यकतासँग मिलाउने र उद्यमशीलतालाई प्रवर्द्धन गर्ने कार्य गर्नु पर्दछ। वैदेशिक रोजगारी महत्त्वपूर्ण रहनेछ, तर यसलाई घरेलु रोजगारी सिर्जनासँग सन्तुलित गर्नु पर्नेछ।

प्राथमिकताहरूमा निम्न कुराहरु समावेश छन्:

- पूर्वाधार र प्रतिस्पर्धात्मकता सुधार मार्फत निर्यात वृद्धि
- जलविद्युतको स्मार्ट वित्तीय व्यवस्थापन र नियमन मार्फत उपयोग
- डिजिटलाइजेशन र सीप प्रवर्द्धन
- पुनःएकीकरण, सीप विकास र श्रम सम्झौता मार्फत वैदेशिक रोजगारीको लाभको अधिकतम उपयोग

वित्तीय प्रणालीको प्रतिक्रिया

नेपालको वित्तीय क्षेत्र विश्वस्तरमा गहिरो देखिन्छ, जसमा आर्थिक वर्ष २०२४/२५ मा Credit-to-GDP ९५.८% र निक्षेप-टु-जीडीपी १२०% पुगेको छ, जुन बंगलादेश (४५%) र श्रीलङ्का (५२%) भन्दा लगभग दोब्बर हो। तर यो गहिराईले गम्भीर क्रेडिट असन्तुलन लुकाएको छ आर्थिक वर्ष २०२४/२५ मा करिब ४०% क्रेडिट खपत र व्यापारमा गइरहेको छ, जबकि उद्योगले मात्र १५.८% र कृषिले ७.५% पाएको छ।

रियल इस्टेट वित्तपोषणले यो असन्तुलनलाई अझ गहिरो बनाएको छ, करिब ६५.१% ऋण रियल इस्टेटमा केन्द्रित भएपछि उत्पादन, निर्यात र ग्रामीण जीविकोपार्जन उपेक्षित भएका छन्। उद्योग, कृषि र पूर्वाधारतर्फ वित्तलाई पुनःउन्मुख नगरेमा नेपालले कम उत्पादकता, कमजोर रोजगारी सिर्जना र बाह्य आघातको संवेदनशीलता बढाउने जोखिम व्यहोर्ने छ (वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०२४/२५)।

सरकारी खर्च (आर्थिक वर्ष २०८१/८२) - अरब रुपैयाँमा

विवरण	कुल खर्च अनुमान (अरबमा)
कुल खर्च	१८६.०३
चालु खर्च	११४.०७
पूँजीगत खर्च	३५.२४
वित्तीय व्यवस्था	३६.७३
संघीय सरकारको खर्च भार	४०.३३

विषय ३: सेयर बजार

*आधारः १२ फेब्रुअरी १९९४ **आधारः १६ जुलाई २००६ ***आधारः २४ अगस्ट २००८

स्रोतः नेपाल स्टक एक्सचेन्ज, आ.व. २०८१/८२

सेयर बजार सूचकाङ्कहरू

शीर्षक	२०८१/८२ सम्म
नेप्से सूचकाङ्क (बन्द)*	२,७९४.८०
नेप्से सेन्सेटिभ सूचकाङ्क (बन्द)**	४८९.३
नेप्से फ्लोट सूचकाङ्क (बन्द)***	१९३.३
बैंकिङ उप-सूचकाङ्क	१,५१६.६०
बजार पूँजीकरण (रु. मिलियनमा)	४,६५६,९८९.४०
सूचीकृत सेयरहरूको जम्मा चुक्ता मूल्य (रु. मिलियनमा)	८६९,८५५.१०
सूचीकृत कम्पनीहरूको संख्या	२७२
सूचीकृत सेयरहरूको संख्या (मिलियनमा)	८,८२२.५०

सेबोन (SEBON) द्वारा सार्वजनिक निगम स्वीकृति



सूचीकृत कम्पनीहरू

समूह / उप-समूह	सूचीकृत कम्पनीहरूको संख्या	सेयर (%)
क. वित्तीय संस्था	१३२	५४.१
ख. उत्पादन तथा प्रशोधन	२३	५.४
ग. होटल	७	२.७
घ. व्यापार	४	५.०
ङ. लगानी	७	७.७
च. जलविद्युत	९१	१५.३
छ. अन्य	८	९.८
जम्मा	२७२	१००

सेयर मूल्य सूचकाङ्कहरूको संरचना

समूह / प्रकार	उच्च	न्यून	बन्द
वाणिज्य बैंकहरू	१,७१२.१९	१,२५५.४४	१,५१६.६१
विकास बैंकहरू	६,१२६.२७	४,६५३.३२	५,९४१.९९
जीवन बीमा कम्पनीहरू	१४,८३८.८८	११,०८६.४५	१३,२७६.३५
निर्जीवन बीमा कम्पनीहरू	१४,४३०.५२	११,४१८.०२	१२,७३६.१४
वित्त कम्पनीहरू	३,९७५.४९	२,३१३.१५	२,५७१.१२
सूक्ष्म वित्त संस्था	५,५७१.१४	४,६०८.९२	५,२१०.३०
उत्पादन तथा प्रशोधन	८,३२८.६१	६,५८०.४४	७,३५५.७४
होटलहरू	७,७८०.६७	५,७६१.६३	६,९४७.७२
व्यापार	५,३६२.३४	३,१३६.६४	४,१४८.२५
म्युचुअल फन्ड	२२.३८	१८.९०	२०.२५
लगानी	१२२.७४	८६.१४	११३.४२
जलविद्युत	३,८९४.७६	२,९३५.३०	३,६४६.७९
अन्य	२,५५४.४७	१,७३०.३४	२,३५२.८२
नेप्से समग्र सूचकाङ्क (आधार: १२ फेब्रुअरी १९९४)	३,०००.८०	२,३१०.५९	२,७९४.७९
नेप्से सेन्सेटिभ सूचकाङ्क	५३५.५२	४०९.५२	४८९.२७
नेप्से फ्लोट सूचकाङ्क (आधार: १२ फेब्रुअरी १९९४)	२०६.८९	१५७.६९	१९३.२७

प्रतिभूति बजार कारोबार

विवरण	मूल्य (रू. अर्ब)	मूल्यको % हिस्सा
जलविद्युत	८२.३०	३८.७
वाणिज्य बैंकहरू	१९.१३	९
वित्त कम्पनीहरू	१६.९२	८
लगानी	१६.३७	७.७
विकास बैंकहरू	१६.१७	७.६
सूक्ष्म वित्त	१३.१६	६.२
जीवन बीमा कम्पनीहरू	११.१६	५.३
उत्पादन तथा प्रशोधन	७.९१	३.७
निर्जीवन बीमा कम्पनीहरू	७.५४	३.५
होटल तथा पर्यटन	४.३०	२
प्रवर्द्धक सेयर	३.३४	१.६
व्यापार	०.६३	०.३
म्युचुअल फन्ड	०.५५	०.३
डिबेन्चर	०.३३	०.२
अन्य	१२.६८	६
जम्मा	२१२.४९	१००

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत प्रतिभूति

शीर्षक	रकम (रू. अरब)	मूल्यको प्रतिशत हिस्सा
१. संस्था अनुसार	**८३.१८**	**१००**
वाणिज्य बैंकहरू	११.८८	१४.३
विकास बैंकहरू	१४.६३	१७.६
बीमा कम्पनीहरू	१४.३१	१७.२
वित्त कम्पनीहरू	०.३८	०.५
सूक्ष्म वित्त	३.२७	३.९
जलविद्युत	१०.५९	१२.७
अन्य*	२८.१३	३३.८
*अन्य मा सरकारी ऋणपत्र (Government Bonds) समेत समावेश छन्।		
२. साधन अनुसार	**८३.१८**	**१००**
साधारण शेयर	४०.२१	४८.३
अधिकार शेयर	१३.२३	१५.९
बोनस शेयर	२४.४२	२९.४
म्युचुअल फन्ड	१.२५	१.५
एफपीओ (FPO)	०.०१	०.१
अन्य	३.९६	४.८

विषय ४: पर्यटन र वैदेशिक रोजगार

स्रोत: नेपाल पर्यटन बोर्ड, वैदेशिक रोजगार विभाग, आ.व. २०८०/८१, प्र= प्रारम्भिक

मासिक पर्यटक आगमन

महिना	२०८१/८२ (प्र)
श्रावण	६४,५९९
भदौ	७२,७१९
असोज	९६,३०५
कार्तिक	१,२४,३९३
मंसिर	१,१४,५०१
पुष	९२,०३४
माघ	७९,९९१
फाल्गुण	९६,८८०
चैत	१,२१,६८७
बैशाख	१,१६,४९०
जेठ	८६,२१६
असार	७६,४२५
जम्मा	११,४२,२४०

वैदेशिक रोजगारका लागि जाने नेपाली

देश	नयाँ संस्थागत तथा व्यक्तिगत
UAE	२०१,१४८
साउदी अरेबिया	७७,२४७
कतार	४९,१७८
कुवेत	३८,४८०
रोमानिया	२२,३७३
जापान	१८,७४४
दक्षिण कोरिया (EPS समावेश गरिएको)	१३,७३५
मलेसिया	१०,२१९
माल्दिभ्स	७,९२०
साइप्रस	७,५२५
अन्य	५९,३८८
जम्मा	५०५,९५७

देश	२०८१/८२ (प्र) नवीकरण प्रवेश
कतार	९१,६१४
साउदी अरेबिया	७५,३१०
UAE	७३,४४२
मलेसिया	३८,९६८
कुवेत	२०,५८५
रोमानिया	५,५०१
बहरीन	५,०८४
जापान	४,३२७
ओमान	३,३०८
माल्दिभ्स	२,०४१
अन्य	१३,१२९
जम्मा नवीकरण प्रवेश	३३३,३०९

विषय ५ : व्यापार

स्रोत: भन्सार विभाग, आ.व. २०८१/८२ प्र, प्र = प्रारम्भिक

वैदेशिक व्यापारको दिशा

शीर्षक	रकम (अरब रूपैयाँमा)
कुल निर्यात	२.७७
कुल आयात	१८.०४
कुल व्यापार घाटा	-१५.२७
कुल वैदेशिक व्यापार	२०.८१

शीर्षक	भारत (%)	चीन (%)	अन्य देशहरू (%)
१. निर्यात/आयात अनुपात	२१	०.८	१२.७
२. कुल निर्यातमा हिस्सा	८१.१	०.९	१७.९
३. कुल आयातमा हिस्सा	५९.४	१८.९	२१.७
४. व्यापार घाटामा हिस्सा	५५.४	२२.२	२२.४
५. कुल व्यापारमा हिस्सा	६२.३	१६.५	२१.२

भन्सार कार्यालय अनुसार वैदेशिक व्यापार

प्रमुख भन्सार कार्यालय	निर्यात (करोडमा)	आयात (करोडमा)
भैरहवा भन्सार कार्यालय	२१	२७०
विराटनगर भन्सार कार्यालय	७४	२१०
बिरगञ्ज भन्सार कार्यालय	१०२	६२५
ड्राइ पोर्ट भन्सार कार्यालय	५	२२३
जलेश्वर भन्सार कार्यालय	४	९.५
कैलाली भन्सार कार्यालय	१	२५
कञ्चनपुर भन्सार कार्यालय	०	१.८
कृष्णनगर भन्सार कार्यालय	२.४	२४

मेची भन्सार कार्यालय	२५	४८
नेपालगन्ज भन्सार कार्यालय	३	७८
रसुवा भन्सार कार्यालय	२	८५
तातोपानी भन्सार कार्यालय	०	५०
त्रिभुवन विमानस्थल भन्सार कार्यालय	३६	१४३
अन्य	९.८	११
जम्मा	२७७	१,८०४

शीर्ष १० प्रमुख निर्यात वस्तुहरू (करोड रूपैयाँमा)

वस्तु	रकम (रू. करोड)	कुल निर्यातमा हिस्सा (%)
सॉयबिन तेल	१०,६७.९	३८.५
पोलिएस्टर यार्न तथा धागो	१३५.८	४.९
ऊनको कार्पेट	१०७.७	३.९
जिंकको पाना	१०१.०	३.६
जूट उत्पादन	८२.२	३
जुस	७७.०	२.८
एलबुटी	७६.७	२.८
पार्टिकल बोर्ड	७१.०	२.६
रेडिमेड वस्त्र	५८.१	२.१
चिया	४५.७	१.६

शीर्ष १० निर्यात वस्तुहरू भारत, चीन र अन्य देशहरूमा मुख्य निर्यातको आधारमा चयन गरिएको हो ।

भारततर्फ शीर्ष १० प्रमुख निर्यात

वस्तु	रकम (रू. करोड)
सोयाबिन तेल	१,०६७.९
पोलिएस्टर यार्न	१२३.३
जिंकको पाना	१०१.१
जूट उत्पादन	८२.२
जुस	७७.०
एलबुटी	७६.७
पार्टिकल बोर्ड	७१.०
जूट - हेसियन	५६.९
चिया	३९.८
तेलको काक	३६.३

चीनतर्फ शीर्ष १० प्रमुख निर्यात

वस्तु	रकम (रू. करोड)
हस्तकला (धातु र काठ)	२,०९४
ऊनको कार्पेट	७,१७०
रेडिमेड वस्त्र	१,५०४
पाश्मीना	५२८
अन्य हस्तकला वस्तु	३०८
धूपदिब्बा (अगरबत्ती)	२४४
नूडल्स	२४३
रुद्राक्ष	२०४
चिया	७०
रेडिमेड छालाका वस्तु	२१

शीर्ष १० प्रमुख आयात वस्तुहरू (करोड रूपैयाँमा)

वस्तु	रकम (रू. करोड)	कुल निर्यातमा हिस्सा (%)
पेट्रोलियम पदार्थ	२,८७७.८	१६
क्रूड सोयाबिन तेल	१,०८०	६
यातायात उपकरण, सवारी साधन तथा पार्ट्स	९६२	५.३
अन्य मेशिनरी र पार्ट्स	८२२	४.६
सिधा फलामबाट उत्पादित फलामका वस्तुहरू (स्पन्ज आइरन)	४८८	२.७

औषधि	४६४	२.६
सञ्चार उपकरण तथा पाट्‌र्स	४३८	२.४
धान / धानका बिरुवा	३९८	२.२
रेडिमेड वस्त्र	३८९	२.२
इलेक्ट्रिकल उपकरण	३४४	१.९

टिप्पणीः शीर्ष १० आयात वस्तुहरू भारत, चीन र अन्य देशहरूसँगको मुख्य निर्यातको आधारमा चयन गरिएको हो ।

भारततर्फ शीर्ष १० प्रमुख निर्यात

वस्तु	रकम (रु. करोड)
स्पन्ज आइरन (सिधा फलाम)	४,८७७
इलेक्ट्रिकल उपकरण	३,४४३
हट रोल्ड पाना (कोइलमा)	२,७६५
कोइला	२,१९२
रासायनिक पदार्थ	१,३१४
बिटुमेन	१,०८७
फलफूल	९८३
कृषि उपकरण र पाट्‌र्स	७६४
गिलास पाना र गिलास सामग्री	७५७
एल्युमिनियम बार, रड, प्रोफाइल, फोइल आदि	७२८

चीनतर्फ शीर्ष १० प्रमुख निर्यात

वस्तु	रकम (रु. करोड)
सञ्चार उपकरण तथा पाट्‌र्स	३०७.४
रेडिमेड वस्त्र	२८०.८
अन्य मेशिनरी र पाट्‌र्स	२३९.०
कपडा / वस्त्र	२१९.८
इलेक्ट्रिकल सामग्री	२१३.५
कम्प्युटर र पाट्‌र्स	१३१.१
स्याउ	९७.४
रासायनिक मल	९३.१
जुत्ता र चप्पल	८१.४
लसुन	६७.०

विषय ६ः कृषि

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, आ.व. २०८१/८२ अनुसार

रासायनिक मलको वितरण

रासायनिक मलको आपूर्ति स्थिति (मेट्रिक टनमा)

मल / कम्पनी	कुल
यूरिया	२५५,३८९.५५
डीएपी (DAP)	१२२,४२८.२५
पोटाश	१५,२६५.२०
जम्मा	३९३,०८३

रासायनिक मलको आपूर्ति स्थिति (मेट्रिक टनमा)

मल / कम्पनी	कुल
यूरिया	५६,१२३.६०
डीएपी (DAP)	१५,२५६.१०
पोटाश	७,३१६.६०
जम्मा	७८,६९६.३०

रासायनिक मलको बिक्री (मेट्रिक टनमा)

मल / कम्पनी	कुल
यूरिया	२७०,१६१.१०
डीएपी (DAP)	१५४,४३९.४५
पोटाश	१६,७१४.६०
जम्मा	४४१,३१५.१५

विषय ७ : उद्योग

स्रोत:उद्योग विभाग, आ.व. २०८१/८२, जेठ अनुसार

उद्योगहरू वर्ग अनुसार विवरण (करोड रुपैयाँमा)

समूह / प्रकार	उच्च	न्यून	बन्द
कृषि तथा वनमा आधारित	१०	४३४	१२६.५
ऊर्जा आधारित	२७	९५६	११,३७४.६
सूचना तथा सञ्चार प्रविधि आधारित	१५७	३,२८५	१२२.५
पूर्वाधार	१	३३	२
उत्पादन (म्यानुफ्याक्चरिङ)	९२	७,१२९	३,१३८.८
खानी/खनिज	१०	६०७	२०६.६
सेवा	९९	६,२४८	४,१०६.६
पर्यटन	२२६	१२,८०९	३,८९६.४
कुल जम्मा	६२२	३१,५०१	२२,९७४.०

आकार	उद्योग संख्या	कर्मचारी संख्या	कुल पूँजी (रु. करोड)
ठूलो	५६	७,७१४	१७,९०५
मध्यम	४४	३,८२६	१,६२६.३
सानो	५२२	१९,९६१	३,४७२.८
कुल जम्मा	६२२	३१,५०१	२३,०४०.४

नेपालमा विदेशी लगानीको संख्या

आ.व.	परियोजनाको संख्या	प्रत्यक्ष विदेशी लगानी (रु. अर्ब)	सिर्जना भएको रोजगारी
२०८१/८२ जेठ सम्म	७१७	६०.६१	२१,८७०

FDI स्वीकृति

विवरण	संख्या	प्रतिबद्धता (रु. करोड)
FDI स्वीकृति	३४७	५,६,७४२.४८

विषय ८ : ऊर्जा

स्रोत: नेपाल विद्युत प्राधिकरण (NEA), बैशाख २०८२ सम्म

विवरण एकाई / रकम	एकाई / रकम
नेपाल विद्युत प्राधिकरण (NEA) उत्पादन	८,७७७ मेगावाट·घण्टा (MWh)
NEA सहायक कम्पनीहरू	९,०६७ MWh
स्वतन्त्र विद्युत उत्पादक (IPP)	४२,३३६ MWh
निर्यात	१३,९१२ MWh
कुल ऊर्जा माग	६०,१९८ MWh
राष्ट्रिय ऊर्जा माग	४६,२८६ MWh
कुल पीक माग	२,७३७ MW
राष्ट्रिय पीक माग	२,१२१ MW

नेपाल विद्युत प्राधिकरण (NEA) नाफा (२०८१/८२) रु. ९.०६ अर्ब

विषय ९ : कर

स्रोत: आन्तरिक राजस्व विभाग, आ.व. २०८१/८२ अनुसार

करदाताको दर्ता विवरण

संकेतक	संख्या
दर्ता भएका व्यक्तिगत स्थायी खाता नम्बर (PAN)	४८,९२,८४०
दर्ता भएका स्थायी खाता नम्बर (PAN)	२०,१२,९०८
VAT दर्ता	३,४५,७२७
उत्पाद शुल्क (Excise) लाइसेन्स दर्ता	१,१९,४०२
रोक्का गर्ने PAN दर्ता	३५,८५३

राजस्व संकलन विवरण

समूह	कुल संकलन (रू. करोड)
आयकर	२५.९५
घर भाडा कर	०.२९
ब्याज	३.०५
भ्याट (आन्तरिक)	१४.६८
उत्पाद शुल्क (Excise)	१२.२०
स्वास्थ्य सेवा	०.६४
शिक्षा	०.३६
अन्य	१.२०
कुल जम्मा	५८.३८

विषय १० : बीमा

स्रोत: नेपाल बीमा प्राधिकरण, आ.व. २०८१/८२ अनुसार

संकेतक	२०८१/८२
जीवन बीमा पोलिसीको संख्या (टर्म, छोटो अवधिको र वैदेशिक रोजगार बीमा बाहेक)	५,७७५,३०५
टर्म र छोटो अवधिको जीवन बीमा पोलिसीको संख्या	७,२६९,३८१
वैदेशिक रोजगार बीमा पोलिसीको संख्या	२,५८६,३१३
कुल सक्रिय जीवन बीमा पोलिसी	१५,६३०,९९९
जारी गरिएका कुल जीवन बीमा पोलिसी	७,०४६,५८०
कुल गैर-जीवन बीमा पोलिसी	३,२४४,३८३
पहिलो जीवन बीमा प्रिमियम संकलन (रु. लाख)	४४५,१३१.२५
नवीकरण जीवन बीमा प्रिमियम संकलन (रु. लाख)	१,३७७,६०३.२२
कुल जीवन बीमा प्रिमियम संकलन (रु. लाख)	१,८२२,७३३.४८
कुल गैर-जीवन बीमा प्रिमियम संकलन (रु. लाख)	४४९,१२६.०७
कुल बीमा प्रिमियम संकलन (रु. लाख)	२,२७१,८५९.५४
जीवन बीमा कम्पनीको कार्यालय संख्या	१,८३९
गैर-जीवन बीमा कम्पनीको कार्यालय संख्या	१,१५५
बीमा कम्पनीका कुल कार्यालय संख्या	२,९९४
जीवन बीमा कम्पनीका कर्मचारी संख्या	६,११३
गैर-जीवन बीमा कम्पनीका कर्मचारी संख्या	६,१३८
बीमा कम्पनीका कुल कर्मचारी संख्या	१२,२५१

कोशी प्रदेश - पर्यटनको रोमान्चक यात्रा

सौन्दर्य, संस्कृति र साहसिक अनुभवको संगम

नेपालको अमुल्य सम्पदा : कोशी टप्पु वन्यजन्तु आरक्षण एक परिचय

भौगोलिक र प्राकृतिक विशेषता:

हाम्रो देश नेपाल जैविक विविधताले भरिएको सम्पन्न मुलुक हो । यहि विविधता अन्तर्गतको कोशीटप्पु वन्यजन्तु आरक्षण नेपालको दक्षिण पूर्वी तराईमा अवस्थित सबैभन्दा सानो वन्यजन्तु आरक्षण हो । वि.सं २०३२ सालमा स्थापना भएको यो आरक्षणले सुनसरी, सप्तरी र उदयपुरसमेत गरी तिन जिल्लाका करिब १७५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । सन् २००४ मा नेपाल सरकारले यस आरक्षणको १७३.५ वर्ग किलोमिटर क्षेत्रलाई बफर जोन घोषणा गरेको छ । सन् १९८७ मा अन्तरास्ट्रीय महत्व रहेको यस आरक्षलाई रामसार साईट घोषणा गरिएको थियो । आरक्षको स्थापनाको प्रमुख उद्देश्य आरक्षमा भएका जंगली भैंसी (अर्ना) लगायत अन्य दुर्लभ वन्यजन्तु, पंक्षी र जलजीवहरुको संरक्षण गर्नु हो ।

यहाँ विशेष गरेर उष्णकटीय बंधीय र उपोष्णकटिबंधीय घाँसे मैदान, आद्र्भूमि र नदीको मिश्रण पाईन्छ । कोशी नदी र कोशी व्यारेजले अझ यस आरक्षको महत्वलाई झल्काएको छ । सन् १९५० को अन्त्यतिर निर्माण भई सन् १९६२ मा उद्घाटन गरिएको कोशी व्यारेज भारत - नेपाल कोशी सम्झौता अन्तर्गत भारतको Joseph and Company Limited ले निर्माण गरेको हो। करिब ११५० मिटर लम्बाई र १० मिटर चौडाईमा फैलिएको यस व्यारेजमा ५६ वटा ढोका (गेट) छन् ।

वनस्पति, वन्यजन्तु तथा जलजन्तु

गर्मी र वर्षायाममा यहाँको हरियो सालवन तथा घाँसे मैदान (दुवाल, खर, कुसघाँस) मा जङ्गली भैंसी (अर्ना), हरिण, स्याल, मृग, चितुवा,जंगली सुँगुर, वन बिरालो, बाँदर एवं विभिन्न दुर्लव वन्यजन्तुहरुको सहज अवलोकन गर्न सकिन्छ । कोशी नदिका धारहरुमा ८० प्रजाति भन्दा बढि प्रकारका माछा साथै संकटापन्न गंगेटिक डल्फिन र विभिन्न प्रजातिक माछाहरूले यहाँको जलचर विविधता दर्शाउँछन् ।

पंक्षीहरु

कोशी व्यारेजबाट ५-६ किलोमिटर उत्तरमा अवस्थित यस अद्वितीय जैविक सम्पदामा रितु परिवर्तनसंगै देखिने प्राकृतिक सुन्दरता साच्चै नै मनमोहक हुन्छ । करिब ४८० प्रजातिका भन्दा बढी पंक्षीहरुको आवागमन भएको भएतापनि धेरैजसो प्रवासी चराचुरुंगीहरुको विचरण गर्ने गन्तव्य स्थलका लागि पनि आरक्षण प्रसिद्ध रहेको छ ।

वसन्त रितुमा हरियाली र फलफुलले रंगिन बनेको यस आरक्षणमा राजहंस , बतख, बंगाल फ लोरिकन, स्वाम्पपार्ट्रीज, सारसक्रेन, एशियन ओपनबिल, ब्ल्याक-नेक्डस्टर्क र प्रवासी चराहरुको उपस्थितिले यस सम्पदाको सुन्दरतालाई अझ मनमोहक बानाउँछ ।

पर्यटन र अध्ययनको महत्व

कोशी टप्पु पुर्व पश्चिम राजमार्ग (महेन्द्रराजमार्ग) को महत्वपूर्ण खण्ड मात्र नभई स्थानीय बासिन्दा, पर्यटक र माछा मार्नेहरूको लोकप्रिय भेटघाटस्थलको रुपमा समेत परिचित छ । छिमेकी देश भारतसँग सीमा नजिक रहेको यो आरक्ष आन्तरिक र बाह्य दुबै प्रकारका पर्यटकहरुको आकर्षण स्थलका रुपमा प्रसिद्ध छ ।

विशेषत: विभिन्न प्रजातिका चराचुरुङ्गी, वन्यजन्तु साथै वातावरण अध्ययनका लागी उत्कृष्ट गन्तव्य रुपमा परिचित यो आरक्ष विद्यार्थी, शोध र अनुसन्धानकर्ताका लागि पनि महत्वपूर्ण प्रयोगशालाका रुपमा लिन सकिन्छ ।

डिजिटल क्रान्तिको अधुरो वाचा

नेपालले लगभग सार्वभौमिक वित्तीय समावेशीकरण हासिल गरेको छ जसमा ५.९८ करोड निक्षेप खाता, २.७७ करोड मोबाइल बैंकिङ प्रयोगकर्ता र १.३७ करोड डेबिट कार्ड छन् । तर यो पहुँचले रोजगारी, उद्यमशीलता वा उत्पादनशील लगानीमा रूपान्तरण पाएको छैन । यदि वित्तलाई लक्षित रूपमा उत्पादनशील क्षेत्रहरू जस्तै उद्योग, साना तथा मझौला उद्यम, ग्रामीण कृषि र स्टार्टअपहरू तर्फ पुनःउन्मुख गरियो भने, यसले उत्पादकता र दिगो विकासको चक्र सिर्जना गर्न सक्छ ।

अगाडि बढ्ने बाटोः एकीकृत संरचनात्मक र वित्तीय सुधार

नेपालको वित्तीय प्रणाली हाल खपत-उन्मुख सेवामा केन्द्रित छ, उत्पादन-उन्मुख वृद्धिमा होइन । वित्तीय समावेशीकरण प्रशंसनीय भए पनि, यो केवल त्यतिबेला अर्थपूर्ण हुन्छ जब यसले उत्पादनशील आर्थिक गतिविधिलाई समर्थन गर्छ । यसका लागि औद्योगिकीकरण, कृषि आधुनिकीकरण र उद्यमशीलता जस्ता राष्ट्रिय प्राथमिकतासँग क्रेडिटलाई मिलाएर दीर्घकालीन उत्पादनशीलतामा उन्मुख गर्ने समन्वित नीतिगत रूपरेखा आवश्यक छ । मुख्य प्राथमिकताहरू यस प्रकारका छन् ।

रोजगारीमूलक वृद्धिः

औद्योगिक क्षेत्रहरू, लक्षित प्रोत्साहनहरू, र व्यवसायिक तालिम मार्फत उद्योग, कृषि-प्रसंस्करण र साना तथा मझौला उद्यम (SMEs) मा केन्द्रित भई शिक्षा, वित्त र उद्योगलाई जोडेर दिगो रोजगारी सिर्जना गर्ने ।

क्रेडिट प्रवाहको पुनःउन्मुखीकरणः

उपभोग र रियल इस्टेटबाट उत्पादनशील क्षेत्रहरूमा वित्तलाई मोड्ने, जसका लागि स्थिर ब्याजदरको ऋण, जोखिम-साझेदारी, र वैकल्पिक वित्तीय संयन्त्रहरू प्रयोग गरिने छन् । यसलाई केन्द्रीय बैंक, अर्थ मन्त्रालय र सम्बन्धित क्षेत्रीय मन्त्रालयहरूसँग समन्वयमा कार्यान्वयन गरिनु पर्नेछ ।

सन्तुलित विकासः

रेमिट्यान्स र आयातमा निर्भरता घटाउने, आयात प्रतिस्थापन, सार्वजनिक खरिद, भरपर्दो ऊर्जा आपूर्ति र सुधारिएको ढुवानी प्रणाली मार्फत घरेलु उत्पादन सुदृढ पार्ने । यससंगै सीप विकास र स्थिर प्रोत्साहन प्रणाली पनि आवश्यक हुनेछ ।

वित्त, उद्योग, कृषि, व्यापार र शिक्षालाई एकीकृत गर्ने समन्वित दृष्टिकोणले स्रोतहरूलाई उत्पादनशील र रोजगारी सिर्जना गर्ने क्षेत्रतर्फ लक्षित गर्न मद्दत पुर्‍याउँछ । नियामक सुधारहरूले नियन्त्रणमा आधारित अनुगमन प्रणालीलाई विश्वासमा आधारित रूपरेखामा रूपान्तरण गर्नु पर्दछ, जसले लगानी र उद्यमशीलतालाई प्रोत्साहन दिन्छ । यसका साथै, सस्तो ऊर्जा र जमिनमा पहुंच सुधार गर्न, राजस्व र मौद्रिक समन्वयलाई सुदृढ पार्न र लगानी तथा उद्यमशीलतालाई समर्थन गर्न आवश्यक छ ।

सार्वजनिक खर्च र वित्तीय जवाफदेहिता मूल्याङ्कन (PEFA २०२२) प्रतिवेदन अनुसार, २०२२ सम्ममा नेपालको नियामक दृष्टिकोणलाई नियन्त्रण-उन्मुख अनुगमनबाट लगानी र उद्यमशीलतालाई प्रोत्साहन दिने विश्वासमा आधारित प्रणालीतर्फ सार्नु यसको केन्द्रीय विषय हो । यसले उत्पादन लागत घटाउन सस्तो ऊर्जा र जमिनमा पहुँच सुधार गर्न, स्थिरता कायम राख्न राजस्व-मौद्रिक समन्वय सुदृढ पार्न, र प्रतिस्पर्धात्मकता बढाउन भारतीय मुद्रासंगको स्थिर विनिमय दर पुनरावलोकन गर्न जोड दिएको छ । साथै, यस आयोगले कृषि क्षेत्रलाई बजार-उन्मुख बनाउँदै पुनर्जीवित गर्ने र वित्तीय संस्थाहरू भित्र रहेको तरलता परिवार, सहकारी र साना तथा मझौला उद्यमतर्फ प्रभावकारी रूपमा प्रवाह हुने सुनिश्चित गर्नु पर्नेमा जोड दिएको छ ।

तयारी पोसाक उद्योगः नेपालमा आरोह-अवरोह र बंगलादेश एवम् भियतनाममा आर्थिक समृद्धिको माध्यम

- वेदराज आचार्य, Ph.D
पूर्व प्राध्यापक (अर्थशास्त्र) त्रि.वि.

पृष्ठभूमि

नेपालमा कपडा उत्पादनको इतिहास शताब्दी पुरानो हो । घरेलु तथा कुटिर उद्योगको रुपमा हातेतान (Hand-loom) को प्रयोग गरी पाँचौ वा छैठौं शताब्दीदेखि सुरु भएको पाइन्छ । नेपालमा उत्पादित उच्च कोटीका उनीका कपडाहरुको ओडने त्यस वखत चीन र पश्चिमी जगतबाट आउने यात्रुहरुका लागि आकर्षणको वस्तु भएको कुरा उनीहरुले आफ्नो यात्रा वृन्तान्तमा उल्लेख गरेका छन् । कपडा उद्योगको विकासमा सरकारी निकायको संलग्नता भने सन् १९३९ मा नेपाल कपडा र घरेलु इलम प्रचार अड्डाको स्थापना भएपछि सुरु भयो । यो अड्डाको काम कुटिर उद्योगको रुपमा खोलिएका कपडा उत्पादकहरुलाई तालिम दिने, प्रोत्साहन गर्ने, साधनहरु उपलब्ध गराउने र हाते तानको प्रयोग गरेर उत्पादित कपडाको बजार खोज्न सहयोग गर्नु थियो । सन् १९४२ मा मोरङ्ग कटन मिल्सको स्थापना भएपछि नेपालमा आधुनिक स्वचालित कपडा उद्योग मार्फत उत्पादन हुन थालेको हो । तर भारतीय उद्योगहरुसँग प्रतिस्पर्धा गर्न नसकेको कारणले छोटो अवधिमा नै यो उद्योग बन्द हुन पुग्यो । सन् १९५५ मा घरेलु तथा ग्रामीण उद्योग विभागको स्थापना भयो । घरेलु तथा ग्रामीण क्षेत्रमा उपलब्ध साधन र स्रोतको उपयोग गरी कपडा लगायतका अन्य हस्तकलाका वस्तुहरुको विक्री वितरणका लागि सन् १९५६ मा घरेलु शिल्पकला विक्री भण्डारको स्थापना गरियो ।

उत्कर्षकाल

सन् १९७४ मा संयुक्त राज्य अमेरिकासँग भएको समझदारी The American Multi-Fiber Arrangement (MFA) पछि सन् १९८० देखि सन् २००२ सम्मको २ दशकको अवधि नेपालमा तयारी पोसाक उद्योगको उत्कर्षकाल थियो । यो अवधिमा तयारी पोसाकको निर्यात गरेर मात्र नेपाल वार्षिक ४०० मिलियन अमेरिकी डलर आर्जन गर्न सफल भएको थियो । यस अवधिमा नेपाली तयारी पोसाकको उत्पादनको ८७ प्रतिशत संयुक्त राज्य अमेरिकामा मात्र निर्यात हुन्थ्यो । पछिल्ला दिनहरुमा पनि ६७ प्रतिशतसम्मको बजार संयुक्त राज्य अमेरिका नै कायम रह्यो । तयारी पोसाकको हजारौको संख्यामा उद्योगहरु खुलेका र लाखौंका संख्यामा रोजगारीका अवसरहरु उपलब्ध गराउन सफल यो उद्योगको संचालनमा भने निरन्तरता रहेन । व्यापार घाटा कम गराउने र राजस्व वृद्धि गराउने यसका उल्लेखनीय पक्ष हुन । MFAको अवधि सुरुमा सन् २००१/२००२ सम्म कायम गरिएपनि पछि केही समय थप गरी सन् २००५/२००६ सम्म पुऱ्याइएको थियो । MFAको समय समाप्त भएपछि नेपालको तयारी पोसाक उद्योग धरासायी बन्नपुग्यो । कोटा र भन्सार महशुल तिरेर छिमेकी राष्ट्रका उत्पादनसँग गुणस्तर र मूल्यमा प्रतिस्पर्धा गर्न नसकेर हजारौको संख्यामा खुलेका उद्योगहरु बन्द हुनथाले । काम गर्ने श्रमिकहरु वेरोजगार बने, कामको खोजीमा वैदेशिक रोजगारीको विकल्प रहेन । यस्ता उद्योगहरुमा काम गरेर सहज र सरल ढंगबाट चलाएर केटाकेटीको शिक्षा र र स्वास्थ्यमा ध्यान पुऱ्याई रहेका महिलाहरु फेरी घरधन्दाको काममा नै सीमित रहन बाध्य भए ।

नेपालले भोगेका चुनौतीहरू

सन् २००५ मा MFAको अवधि सकिए पछि बजार घट्नुमा गुणस्तर, मूल्यमा बढ्दो प्रतिस्पर्धा र त्यस बेला नेपालमा नियमित जस्तै भएको श्रमिक हड्ताल र नेपाल बन्द आदि हुन् । नेपाली तयारी पोसाकको निर्यातमा ह्रास आउने अर्को कारण अन्य देशका उत्पादनको तुलनामा नेपाली उत्पादनको मूल्यमा २७ प्रतिशतले बढी हुनु पनि हो । नेपालमा सरकारी स्तरबाट यस उद्योगको विकास र प्रवर्द्धनका निम्ति कुनै सहयोग उपलब्ध भएन । अन्य देशहरुको तुलनामा पूर्वाधारको व्यवस्था कमजोर रहनु पनि उल्लेख्य कारण हो । नेपालको लागि न्यून श्रम लागत अवसर थियो तर न्यून उत्पादकत्वले गर्दा त्यो लाभलिन सकिएन । सन् २००१ को सेप्टेम्बर ११ मा संयुक्त राज्य अमेरिकामा भएको हमला पछि अमेरिकी बजारमा धक्का पुगे पनि नेपाली तयारी पोसाकका लागि युरोप, क्यानडा, अष्ट्रेलिया र भारत आकर्षक बजार थिए, जहाँ उत्पादनको ९० प्रतिशत सम्म निर्यात हुन्थ्यो । यति हुँदापनि अवस्था सन्तोषजनक रहेन । सन् १९९७ मा नेपाल र युरोपेली संघबीच अतिकम विकसित राष्ट्रको हैसियतले यहाँ उत्पादित तयारी पोसाक निर्यातका लागि भन्सार र कोटाको सीमान लाग्ने गरी विशेष सुविधाको सहमति भएको थियो । यो प्रावधान सन् १९९९ देखि लागु गरियो । सन् २००२ देखि नै पहिलो चरणमा कोटाको प्रावधान सुरु गरियो भने दोस्रो चरणमा तयारी पोसाकको कच्चा पदार्थ त्यही देशमा नै उत्पादन भएको हुनुपर्छ भनियो । यो समझदारी सन् २००६ सम्म कायम रह्यो । नेपालमा तयारी पोसाकको कच्चा पदार्थ उत्पादन नहुने भएकाले युरोपेली बजार र लगत्तै क्यानडाको बजार पनि गुम्यो । कोभिड-१९को महामारी पनि व्यवधानको रुपमा देखा पऱ्यो । लामो समयदेखि विभिन्न मुलुकहरुमा निर्यात हुँदै आएको तयारी पोसाक निर्यातकर्ताहरुका लागि दूर्भाग्यपूर्ण रह्यो । त्यो समयमा उत्पादन लागत र ढुवानी खर्च बढेको कारणले व्यवसायीहरुले निर्यात गर्न सकेनन् । कतिपय देशहरुले सुरुमा दिइएको अर्डर पनि रद्द गरे ।

सन् २०१८/१९ को वर्ष भने यस क्षेत्रमा नेपालले उत्साहजनक उपलब्धि हासिल गऱ्यो । यो उद्योगबाट सरकारले प्रशस्त अमेरिकी डलर राजस्व प्राप्त गऱ्यो । तयारी पोसाक उद्योगका संचालकहरुको भनाईमा यो सफलताको कारण परिमाण (Quantity) भन्दापनि गुणस्तर (Quality) लाई ध्यान दिनाले हो ।

नेपाल, बंगलादेश र भियतनामसँग सम्बन्धित तयारी पोसाकको तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

Source: Bangladesh Investment Development Authority, 2025, IMF Report, 2025, Economic Survey of Nepal, Laxman Kafle, The Rising Nepal, April 9th, 2024, Report of Vietnam Textile Apparel Association, 2025

देश	वर्ष	कुल निर्यात रकम	कुल स्थिर लगानी	सरकारी अनुदान तथा सुविधा
नेपाल	सन् २०१८/१९	ने.रु. ६.३४ विलियन	ने.रु. ६ विलियन	कुल निर्यातको ४ देखि १० प्रतिशतसम्म
	सन् २०१९/२०	ने.रु. ४.८७ विलियन		
	सन् २०२०/२१	ने.रु. ५.३ विलियन		
	सन् २०२१/२२	ने.रु. ७.३५ विलियन		
	सन् २०२२/२३	ने.रु. ८.२१ विलियन		
	सन् २०२३/२४	ने.रु. ९.२८ विलियन		

बंगलादेश	सन् २०२०	४३९ विलियन	$१९.७ विलियन	कुलनिर्यातको ०.५ देखि १० प्रतिशतसम्म
	सन् २०२१	४४२.६१ विलियन		
	सन् २०२२	४४३.०३ विलियन		
	सन् २०२३	४४७ विलियन		
	सन् २०२४	४३९.३५ विलियन		
भियतनाम	सन् २०२०	४३९ विलियन	$१.५५ विलियन	निर्यातमा भन्सार सुविधा र सस्तोमा घर भाडा सरकारले उपलब्ध गराउने
	सन् २०२१	४३९ विलियन		
	सन् २०२२	४४३.५ विलियन		
	सन् २०२३	४४२.१ विलियन		
	सन् २०२४	४४४ विलियन		

अन्तर्राष्ट्रिय परिवेश

संयुक्त राज्य अमेरिका नेपाली तयारी पोसाकको मुख्य बजार हो । त्यस पछिका अन्य देशहरुमा संयुक्त अधिराज्य (UK), जर्मनी, फ्रान्स, इटली, जापान, यु.ए.ई., स्वीट्जरल्याण्ड, स्विडेन, स्पेन, न्युजिल्याण्ड, दक्षिण कोरिया, आयरल्याण्ड, भारत, फिनल्याण्ड, डेनमार्क, चेक गणराज्य, क्यानडा, अष्ट्रिया र अष्ट्रेलिया पर्दछन् ।

आजको प्रतिस्पर्धाको युगमा उद्योगको संख्या बढाउन भन्दापनि गुणस्तरमा सुधार गर्न सके नेपालबाट तयारी पोसाक आयात गर्ने देशहरु राम्रो मूल्य तिर्न तयार छन् । उच्च गुणस्तरको पोसाकको उत्पादनमा ध्यान दिनुका साथै नेपालले विश्वमा बदलिंदै गएको फेशनको अभ्यास अनुसार विविधतायुक्त वस्तुहरुको सीमित अवधिमा उत्पादन गर्न र व्यवसायिक धर्म देखाउन सके अर्थतन्त्रमा राम्रो योगदान पुग्नेछ । व्यवसायीहरुले पनि उचित मुनाफा प्राप्त गर्दै लगानी र रोजगारी बढाउन सक्छन् ।

यी दुबै देशका लागि उपलब्ध अवसरहरू

विश्वबजारमा बढ्दो हिस्सा, रणनीतिक व्यापारिक सम्बन्ध, विशेष गरी बंगलादेश र भियतनामले संयुक्त राज्य अमेरिका र युरोपेली संघका ठूला क्षेत्रहरुमा आफ्ना तयारी पोसाक उत्पादनका लागि दह्रो, भरपर्दो र दीर्घकालिन बजार कायम गर्न सफल भएका छन् । यी दुबै देशहरुले यस्ता उद्योगको विकास र विस्तारका लागि सरकारको साथ र सहयोग पाएका छन् । प्रविधि र पूर्वाधारको विकासमा जोड दिएर उत्पादन प्रणालीलाई आधुनिक र प्रतिस्पर्धी बनाउँदै गुणस्तरीय वस्तुको उत्पादन गर्दै अगाडी बढ्दै छन् । सन् २०२४ मा ४४ विलियन अमेरिकी डलर वरावरको तयारी पोसाक निर्यात गर्न सफल भयतनामको सन् २०२५ को अघिल्लो ५ महिनाको निर्यातमा साविक भन्दा ११.२६ प्रतिशतले वृद्धि भएको देखिन्छ । यहाँ देखापरेका चुनौतिहरुमा यो क्षेत्र विदेशी लगानीकर्तामा निर्भर र विदेशी कच्चा पदार्थको प्रयोग गर्नुपर्ने वाध्यता आदि हुन् । सन् २०२५ मा भियतनामले तयारी पोसाकको निर्यात गरेर ४५-४६ विलियन अमेरिकी डलर आर्जन गर्ने अनुमान गरेको छ । हाल आएर भियतनाम तयारी पोसाक निर्यात गर्ने महत्वपूर्ण राष्ट्र बनेको छ । व्यवसायिक रुपमा भियतनाममा तयारी पोसाक उद्योगको सुरुवात सन् १९८६ मा आर्थिक पुनरोत्थान कार्यक्रम अन्तरगत भएको हो । यसले निजी क्षेत्र र वैदेशिक लगानीका अवसरहरु खुल्ला गऱ्यो । सन् २००२ मा तयारी पोसाक निर्यातमा अमेरिका-भियतनाम दुई पक्षीय सम्झौता सम्पन्न भएपछि यसको दायरा बढ्दै गयो । भियतनामको तयारी पोसाक व्यवसाय विश्वबजारमा विस्तार हुनु र विश्वमा महत्वपूर्ण निर्यात राष्ट्र बन्न सक्नुका कारणहरुमा दक्षश्रम शक्ति, गुणस्तरीय उत्पादन, प्रतिस्पर्धात्मक मूल्य, रणनैतिक वजार र वातावरण मैत्री कच्चा पदार्थको प्रयोग हुनु हो ।

बंगलादेशबाट नेपालले सिक्नु पर्ने सफलताको पाठ

नेपालको कुल जनसंख्या २ करोड ९६ लाख छ भने, बंगलादेशको जनसंख्या १७ करोड छ । नेपालको क्षेत्रफल १,४७,५१६ वर्ग कि.मि. छ । बंगलादेशको क्षेत्रफल १,४८,५०० वर्ग कि.मि. छ । नेपालको जे.डि.पि. सन् २०२४ मा ४२.९१ अमेरिकी डलर र प्रतिव्यक्ति आय १४३४ अमेरिकी डलर थियो भने, बंगलादेशको सन् २०२४ को GDP ४५०.१ विलियन अमेरिकी डलर थियो भने प्रतिव्यक्ति आय २६५० अमेरिकी डलर थियो । नेपाल र बंगलादेशले तयारी पोसाक उद्योगको सुरुवात सन् १९८० ताका संगै गरेका हुन् । बंगलादेश सरकारले यस्ता उद्योगहरुलाई निर्यात गरेको रकमको २५ प्रतिशत नगद अनुदान र निर्यात व्यापारलाई प्रतिस्पर्धी बनाउन आवश्यक अन्य सुविधाहरु उपलब्ध गरायो तर नेपाल सरकारले यस तर्फ ध्यान दिएन । बंगलादेशमा हजारौंको संख्यामा खुलेका र लाखौंलाख व्यक्तिहरुलाई रोजगारी उपलब्ध गराउने तयारी पोसाक उद्योगहरुको निर्यात व्यापार नेपालको भन्दा कैयौं गुणा बढि छ । बंगलादेशमा उत्पादनसँगै वातावरणीय पक्षलाई पनि ध्यान दिइएको छ र वैदेशिक मुद्राको महत्वपूर्ण स्रोत र सर्वसाधारण जनताको आय र रोजगारीको आधार तयारी पोसाक उद्योग नै हो । यी सुविधाहरु र प्रोत्साहन पाएर आज बंगलादेश विश्वमा तयारी पोसाक निर्यात गर्ने एउटा ठूलो राष्ट्र बनेको छ । हालका दिनहरुमा भएको राजनैतिक अस्थिरताको कारणले यसको अवस्था द्रुतगतिमा अघि बढ्न केही समस्याहरु भने अवश्य देखा परेका छन् ।

भियतनामबाट सिक्नु पर्ने पाठ

छोटो अवधिमानै भियतनाम तयारी पोसाक उद्योगको माध्यमबाट निर्यातको क्षेत्रमा चमत्कारी उपलब्धी हासिल गर्न सफल भयो । नेपाल लगायतका कम विकसित राष्ट्रहरुले यहाँबाट गतिलो पाठ सिक्नु आवश्यक छ । आफ्ना उत्पादनहरुलाई विश्व बजारमा विस्तारित गराउँन र दिगो बजार कायम गर्न अत्याधुनिक मेशिनहरुको प्रयोग, दक्षतापूर्ण उत्पादन क्षमता, गुणस्तरीय वस्तुहरुको उत्पादन, उच्चदक्ष श्रमशक्ति प्रतिस्पर्धात्मक र वातावरणमैत्री उत्पादन प्रणाली भरपर्दो एवम् दिगो सरकारी सहयोग तथा विश्वाशिलो व्यापार सम्झौता आदि हुन् । कच्चा पदार्थको आपूर्तिदेखि अन्तिम चरणको उत्पादनसम्म सुक्ष्म निरिक्षण, गुणस्तर नियन्त्रण र एकिकृत आपूर्ति श्रृखंलाले पनि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

अबको बाटो

यी देशहरुबाट नेपालले पनि पाठ सिक्न आवश्यक छ । नेपालले निर्यात व्यापार बढाउन र हाल कायम रहेको वार्षिक १५ खर्बको व्यापार घाटा क्रमश घटाउँदै लान, रोजगारीका अवसरहरु स्वदेशमै सिर्जना गर्न र सरकारलाई प्राप्त हुने राजस्व बढाउन तयारी पोसाक उद्योग एक महत्वपूर्ण क्षेत्र हुन सक्छ । यसका लागि सरकारी सहयोग, प्रविधि र पूर्वाधारको विकास गरी प्रतिस्पर्धी क्षमता बढाउन आवश्यक छ । गुणस्तरीय वस्तुहरुको उत्पादन र मूल्य प्रतिस्पर्धा कायम गर्दै विश्वबजारमा आफ्नो उपस्थिति जनाउन सक्नु पर्दछ । हालैको डोनाल्ड ट्रम्पको भन्सार नीति पनि यस क्षेत्रमा केहीगर्न सकेमा नेपालका लागि अनुकुल छ । छिमेकी राष्ट्रहरुको तुलनामा नेपालका उत्पादनलाई न्यून भन्सार दर कायम भएको छ । संक्षेपमा भन्नुपर्दा नेपाल सरकारले तयारी पोसाक उत्पादक र निर्यातकर्ताहरुलाई प्रोत्साहन, साथ र सहयोग दिएर अगाडी बढाउदै राष्ट्रको आर्थिक विकासमा सक्रियतापूर्वक सहभागी गराई समग्र उपलब्धी हासिल गर्न अब भने समय खेर जान दिनु हुँदैन ।

यहाँको अतिरिक्त गतिविधिहरुमा जङ्गलसफारी, डुङ्गायात्रा, र्‍याफटिङ, हात्तीसवारी, माछा मार्ने र डल्फिन हेर्ने अवसर पर्यटकका लागी अविस्मरणीय अवसर हुन सक्छ । यससंगै, स्थानीय थारु गाउँको भ्रमणले यहाँको रहनसहन, परम्परा र संस्कृति बुझ्न सकिने अवसर दिन्छ ।

विराटनगरबाट लगभग एकघण्टा भित्रको सवारी दूरी (करिब ४६-५१ किलोमिटर टाढा) मा अवस्थित कोशि टप्पु वन्यजन्तु आरक्ष चराचुरुङ्गीको मधुर आवाज, वन्यजन्तुको उपस्थिति, घाँसे मैदानको प्राकृतिक सुन्दरता मात्र नभई साहसिक, शैक्षिक र सांस्कृतिक अनुभव पाउने वहुआयमिक पर्यटनस्थल पनि हो ।

चुनौतिः

क. अवैध सिकार र चोरी तस्करी
ख. बाढी तथा डुवानको जोखिम
ग. स्थानीय समुदायबाट घाँस, दाउराका नाममा अवैध रुख विरुवा कटान
घ. पर्यटन प्रवर्द्धनमा सम्बन्धित निकायको ध्यान नजानु आदि ।

सम्भावना र सुधारका उपायहरुः

क. पर्यावरणमैत्री पर्यटन (इको टुरिजम) मा सम्बन्धित निकायको तत्परता देखाईनु पर्ने ।

ख. अनुसन्धान र शिक्षा क्षेत्रमा सम्बन्धित निकायका विज्ञ सहितको टोलीबाट प्राप्त सुझावका आधारलाई उच्च प्राथमिकता दिई सोही अनुरुप उक्त क्षेत्रमा प्रवर्दन गरिनुपर्ने ।

ग. घाँस दाउराका निउँमा अवैध चोरी निकासीमा कमी ल्याउनुका लागि समुदायबाट नै आरक्षणको सुरक्षाको जिम्मेवारी बोध गराउने व्यवस्था गरिनु पर्ने साथै स्थानीय समुदायलाई बैकल्पिक रोजगारीका अवसरहरुको व्यवस्था गर्नु पर्ने ।

घ. आरक्षको सुरक्षाका लागि सामुदायिक सहकार्यमा संरक्षण तथा प्रभावकारी कानून र नियमनको उचित व्यवस्थापन गर्ने ।

कोशीटप्पु आरक्षणको संरक्षण र प्रवर्दनले जैविक विविधताको दीर्घकालीन संरक्षण मात्र नभएर समुदायको आर्थिक विकासमा पनि ठूलो योगदान पुर्‍याउछ । तसर्थ, राज्य, स्थानीय समुदाय र अन्तर्राष्ट्रिय संघ-संस्थाको सहकार्यमा यसको संरक्षणलाई समयानुकूल अझ प्रभावकारी बनाउन राज्यको सम्बन्धित निकायले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको खण्डमा कोशीटप्पु वन्यजन्तु आरक्षणले पर्यटन प्रवर्दनमा राज्यलाई ठूलो टेवा पुग्नेमा विज्ञहरुसमेत एकमत रहेकाछन् ।

हामी तपाईको विचार सुन्न चाहन्छौं ।

आगामी अंकमा के समावेश गरियोस् भन्ने चाहनु हुन्छ? हामीलाई बताउनुहोस् !

हाम्रो सामाजिक संजाल र छिटो पहुँचका लिंकहरू

Website: www.morangcci.org.np

Facebook: https://www.facebook.com/morangcci

MORANG CHAMBER OF COMMERCE & INDUSTRY, BIRATNAGAR
MORANG MERCHANTS' ASSOCIATION
(1951 AD)